मोलुङ गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१ कार्यान्वयनका लागि

# पाँचवर्षे बिस्तृत कार्ययोजना

(२०८२/८३ –२०८६/८७)

मोलुङ गाउँपालिका, ओखलढुङ्गा, कोशी प्रदेश

## १. पृष्ठभुमि तथा सन्दर्भ

नेपालको संविधानले वर्गीय, क्षेत्रीय, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धी र सामाजिक न्याय सुनिश्चितताका लागि समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रपूर्वक बाँच्न पाउने हक, समानताको हक, छुवाछूत तथा भेदभाव विरुद्धको हक, शोषण विरुद्धको हक, बालबालिकाको हक, महिलाको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हक लगायत शिक्षा, स्वास्थ्य, पोषण जस्ता विषयहरुलाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ ।

नेपाल सरकारले लैंङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) तथा मानव अधिकारको संरक्षण तथा प्रबर्धन गर्न राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७; स्थानीय सरकार सञ्चालन ऐन २०७४; अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७५; सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५; रोजगारीको हकसम्बन्धी ऐन, २०७५; बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८; सोह्रौ पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/२०८६) लगाएतका ऐन, नीति, निर्देशिका तथा योजना लागु गरेको छ ।

त्यसैगरी लैङ्गिकताका आधारमा महिला विरुद्ध हुने सबै प्रकारका हिंसालाई न्यूनीकरण गर्न र हिंसा पिडित तथा प्रभावितलाई संरक्षण तथा पुनर्स्थापना गर्न नेपाल सरकारले बिभिन्न कानून, नीति तथा निर्देशिका लागु गरेको छ जस्तै,

मुलुकी अपराध संहिता २०७४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४; फौजदारी (कसूर तथा सजाय निर्धारण गर्ने) ऐन, २०७४; मुलुकी देवानी सहिंता, २०७४; अपराध पिडीत संरक्षण ऐन २०७५; कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार निवारण ऐन २०७१; बालबालिकासम्बन्धी ऐन २०७५, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन २०५६; बोक्सीको आरोप विरुद्धको (कसुर र सजाय) ऐन, २०७२; घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६७; मानव बेचबिखन विशेष गरी बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४; छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४; विशेष प्रकृतिको मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४; श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स बारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्नेसम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५; वैदेशिक रोजगारसंग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७; मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारवाहीसम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८; मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८; पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८; पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८; मनोसामाजिक परामर्श निर्देशिका, २०६९; र आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ आदि ।

**मानव अधिकारप्रति नेपालको प्रतिबद्वता :**

नेपालले मानव अधिकारका बिभिन्न अन्तर्राष्ट्रिय अनुवन्ध, महासन्धि, प्रस्ताव, घोषणापत्र लगाएतका दस्वावेजहरुमा हस्ताक्षर गरेको छ । जस्तै, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, १९४८; नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९; बाल अधिकारसम्बन्धी महसन्धि, १९८९; अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६; सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९६५; र संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट महिला, शान्ति र सुरक्षाका सम्बन्धमा पारित प्रस्ताव नं १३२५; संयुक्त राष्ट्रसंघ महिला तथा बालिकाहरूमाथि हुने यौन हिंसा विरुद्धको प्रस्ताव नं. १८२०; प्रस्ताव नं. १८८८; अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ) ले जारी गरेका समान कामका लागि समान पारिश्रमिकसम्बन्धी महासन्धि, १९५१, (नं १००); र रोजगार तथा व्यवसायमा हुने विभेदसम्बन्धी महासन्धि (आईएओ महासन्धि १११); आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि, १९८९ (आईएलओ महासन्धि १६९); निकृष्ट प्रकारको बालश्रम विरुद्ध महासन्धि, १९९९ (नं. १८२); बेइजिङ्ग सम्मेलनको घोषणापत्रका १२ वटा विशेष सवाल आदि ।

**मानव अधिकारका सिद्धान्तहरु**

मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दस्तावेजहरुले हरेक व्यक्तिको मानव अधिकारको सम्मान गर्दछन् । मानव अधिकारको प्रमुख सिद्धान्त अनुरुप राज्यले कुनै पनि व्यक्तिलाई जातजाति, भाषा, संस्कृति, धर्म, वर्ण, लिङ्ग, उत्पति, क्षेत्र तथा शारीरिक, आर्थिक एवं वैवाहिक अवस्था आदिका आधारमा भेदभाव गर्न नहुने र सबैलाई समान व्यवहार गर्नुपर्ने हुन्छ ।

नेपालको संविधान तथा बिधमान ऐन, नीति, निर्देशिका, योजनाको आदिको संकल्प अनुरुप वञ्चितीमा रहेका व्यक्ति, वर्ग, लिंग, समुदाय, भुगोल समेतको मानव अधिकारलाई स्थापित गर्न, उनीहरुलाई सवै प्रकारका हिंसा तथा विभेदबाट संरक्षण गर्न, उनीहरुलाई सम्मानपूर्वक बांच्ने वातावरण सृजना गर्न एवं उनीहरुलाई पालिकाको विकास प्रकृयामा मुल प्रवाहीकरण गर्न र नेपाल सरकारद्धारा दिगो विकास लक्ष्य लगाएतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अभिव्यक्त भएका मानव अधिकार, लैङ्गिक समानता लगाएतका प्रतिवद्धताहरुलाई निरन्तररुपमा कार्यान्वयन गर्न **मोलुङ** गाउँपालिकाकाले **'मोलुङ गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१'** कार्यान्वयमा ल्याएको छ ।

**मोलुङ** गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई प्रभावकारीरुपमा लागु गर्दै लैससासलाई संस्थागत गर्नको लागी देहाएका मानव अधिकार, लैससास, तथा दिगो विकास लक्ष्यका सिद्वान्तका आधारमा पालिकाले **'मोलुङ गाउँपालिकाका लैससास नीति कार्यान्वयनका लागि पाँच वर्षे बिस्तृत कार्ययोजना'** तयार गरिएको छ ।

यस विस्तृत कार्ययोजनाले,

१. **अभिविभेद :** लिङ्ग, वर्ण, यौनिक अभिमूखिकरण तथा पहिचान, उमेर, जातजाती, धर्म, भाषा तथा संस्कृति, आस्था, आर्थिक, शारिरिक एवं बैवाहिक अवस्था वा अन्य कुनैपनि आधारमा भेदभाव गरेको छैन् । महिला तथा किशोरी, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, एकल महिला, धार्मिक अल्पसंख्यक, आर्थिक रुपले बिपन्न व्यक्ति, द्वन्द्व पिडित, लैङ्गिक हिंसा पीडित तथा प्रभावित आदिको संरक्षण, मानव अधिकार तथा मर्यादाका लागि यो कार्ययोजना प्रतिबद्ध छ ।

२. **सारभूत समानता :** लैङ्गिक समानताको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्व, अधिकार र परिणाममा समानताको सिद्धान्तलाई आत्मसात् गरेको छ ।

३. **कोहि पछाडि नछुटुन :** दिगो विकास लक्ष्यको कोहि पनि पछाडी नछुटुन् भन्ने अवधारणालाई यस कार्ययोजनाले अवलम्बन गरेको छ ।

४. **अर्थपुर्ण सहभागिता :** पालिकाको हरेक विकास कार्यक्रम तथा निर्णय प्रकृयामा सबै लिङ्ग, वर्ग, जातजाति, क्षेत्र तथा समुदायको समानुपातिक सिद्धान्तको आधारमा अर्थपुर्ण सहभागिता सुनिश्चित गरेको छ ।

५. **उत्तरदायित्व तथा जवाफदेहिता :** पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सम्बन्धित क्षेत्रका जनता तथा उनिहरुका अधिकारप्रति जवाफदेही बनाएको छ ।

६. **शून्य सहनशीलता :** पालिका भित्र हुने लैङ्गिक तथा सबै प्रकारका विभेद र हिंसा प्रति शून्य सहनशीलताको नीति अङ्गीकार गरेको छ ।

## २. बिस्तृत कार्ययोजना निर्माणको विधि तथा प्रक्रिया

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा भएको व्यवस्थाहरुलाई संस्थागत गर्नको लागी मोलुङ गाउँपालिकाले मिति २०८१ फाल्गुण ९ गते जनप्रतिनिधि, कर्मचारी, गैसस तथा अन्य सरोकारवाला समेतको उपस्थितीमा लैससास नीति कार्यान्वयन कार्ययोजना सम्वन्धि कार्यशाला आयोजना गरेको थियो । संयुक्त राष्ट्रसंघीय

जनसंख्या कोष (यु.एन.एफ.पि.ए.) को सहयोग र सहकार्यमा आयोजित उक्त कार्यशालालाई न्याय तथा अधिकार संस्था नेपाल (जुरी नेपाल) ले सहजिकरण गर्न सहयोग गरेको थियो । कार्यशालामा समूहगत छलफल तथा प्रस्तुतीबाट तय गरिएका लैससासका निम्ण ७ मूलभूत नीति तथा स्तम्भहरु को आधारमा **पाँच वर्षे बिस्तृत कार्ययोजना** तयार गरिएको छ । यस कार्ययोजनाले प्रत्येक मूल नीतिलाई कार्यान्वयन गर्न छुट्टा छुट्टै रणनीति लिएको छ । कार्ययोजनाको ढाँचा तथा यसमा समाबेश गरिएका क्रियाकलापहरु उक्त कार्यशालामा नै छलफल गरि पालिकाको निर्णयार्थ तयार गरिएको हो ।

यस बिस्तृत कार्ययोजनामा पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा भएका उद्वेस्य, नीति तथा रणनितिहरुलाई दुरुस्त समावेश नगरिएको भएता पनि यसले लैससास नीति कार्यान्वयनमा सहजीकरण गर्ने नीति, रणनीति, कार्यान्वयन गर्ने समय सिमा सहित कार्यक्रम तथा क्रियाकलापहरु र तिनका लक्षित समुदाय, प्रमुख जिम्मेवार निकाय, समन्वय र सहकार्य गर्ने निकाय, आवस्यक बजेट र प्रगती सुचकहरु समावेश गरेको छ ।

पालिकालाई लैससासमैत्रि बनाउनका लागी ल्याईएको यो पाँच वर्षे बिस्तृत कार्ययोजना मिति २०८ । । देखि लागु हुनेछ । र यसलाई बार्षिक वा आवधिकरुपमा आवश्यकतानुसार परिमार्जन गर्दै लैजान सकिनेछ ।

**स्पष्टिकरण :** यस बिस्तृत कार्ययोजनामा उल्लिखित लक्षित बर्ग भन्नाले महिला तथा किशोरी, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, एकल महिला, धार्मिक अल्पसंख्यक, आर्थिक रुपले बिपन्न व्यक्ति, द्वन्द्व पिडित, एच.आई.भी प्रभावित/संक्रमित व्यक्ति, मानव बेचबिखनका प्रभावित व्यक्ति, आदिवासी, जनजाती, लैङ्गिक तथा जातीयतामा आधारित हिंसा तथा विभेदका प्रभावित आदिलाई जनाउदछ ।

**मोलुङ गाउँपालिकाको लैससास नीति कार्यान्वयन कार्ययोजनाका मूल नीतिहरु निम्न बमोजिम रहेका छन् ।**

| | |
|---|---|
| **नीति १:** | लैससास सम्बन्धि कानून, नीति, नियम, मापदण्ड, कार्यविधि, निर्देशिका तथा आचार संहिता निर्माण तथा संशोधन गर्ने । |
| **नीति २:** | लैससासमैत्रि संरचनाको तथा संयन्त्रको स्थापना तथा विकास गरि लैससासलाई नीतिगत तथा कार्यगत रुपमा सम्बोधन गर्ने । |
| **नीति ३:** | लैङ्गिक तथा सामाजिक अन्तरविविधताको आधारमा लक्षित वर्गका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार सुनिश्चित गर्ने । |
| **नीति ४:** | नेतृत्व तथा निर्णायक तहमा लक्षित वर्गको अर्थपूर्ण प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गर्ने । |
| **नीति ५:** | पितृसतात्मक एबं विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति, अन्धविश्वास तथा लैङ्गिक हिंसा रहित गाउँपालिका बनाउने । |
| **नीति ६:** | लैससास बजेटको अवधारणालाई आन्तरिकीकरण, मुलप्रवाहीकरण र स्थानीयकरण गर्ने । |
| **नीति ७:** | समन्वय, सहकार्य, साझेदारी, समिक्षा तथा सम्प्रेषण गर्ने । |

## नीति १: लैससास सम्बन्धि कानून, नीति, नियम, मापदण्ड, कार्यविधि, निर्देशिका तथा आचार संहिता निर्माण तथा संशोधन गर्ने ।

## यस नीति तथा रणनीति अर्न्तगतको कार्ययोजना

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| **लक्षित वर्गको आर्थिक, सामाजिक, शैक्षिक, तथा स्वास्थ्य समस्या वारेमा प्रोफाइल तयार गर्ने ।** | वस्तिस्तरको लैससास केन्द्रित तथ्यांक संकलन गरि पालिकामा लैससास केन्द्रित प्रोफाईल तयार तथा अध्यावधिक गर्ने | लक्षित वर्ग | गाउँपालिका (गापा) | आईटी शाखा तथा वडा कार्यालय | निरन्तर | १ लाख | • लक्षितको आर्थिक सामाजिक शैक्षिक स्वास्थ्य समस्या वारेमा प्रोफाइल तयार भएको हुनेछ<br>• प्रोफाईल सवैको पहुँचयोग्य हुनेछ<br>• प्रोफाईलमा आधारित योजना निर्माण भएका हुनेछन |
| | भेला आयोजना गरि लक्षित वर्गको समस्या पहिचान गर्ने | ऐ ऐ | वडा कार्यालय | बडा अध्यक्ष तथा सचिवहरु | ऐ ऐ | २ लाख | लक्षित वर्गको समस्या पहिचान भएको हुनेछ |
| | यौनिक तथा लैंगिक अल्पसंख्यक तथा एच.आई.भि प्रभावितको तथ्यांक एकिन गर्ने | यौन अल्पसंख्यक तथा एच.आई.भि प्रभावित | ऐ ऐ | म.बा.जे.ना, स्वास्थ्य तथा सामाजिक विकास शाखा | ऐ ऐ | १ लाख | तथ्यांक एकिन भएको हुनेछ |
| | पहरे वस्तिका वासिन्दाको गरिवीको अवस्था सम्वन्धी प्रोफाईल वनाउने | पहरे बस्तिका वासिन्दा | ऐ ऐ | सामाजिक विकास शाखा | पहिलो वर्ष | ५० हजार | पहरेहरुको गरिवीको अवस्था सम्वन्धी प्रोफाईल तयार भएको हुनेछ |
| **लैससास तथा लैङ्गिक हिंसा उन्मुलन सम्बन्धि कानून, नीति, मापदण्ड, कार्यविधि, निर्देशिका तथा आचार संहिता निर्माण तथा संशोधन गर्ने ।** | **भवन निर्माण मापदण्ड**<br>• पालिकाको वजेट तथा कार्यक्रमका योजनामा लैससासमैत्रि हुने गरि भवन वनाउनु पर्ने भन्ने व्यवस्था भवन निर्माण मापदण्डमा थप्ने<br>• गाउँपालिकाको भवन निर्माण मापदण्डमा अपाङ्गता तथा लैङ्गिक मैत्री शौचालय भवन तथा शौचालय निर्माणको व्यवस्था थप गर्ने गरि संशोधन गर्ने | ऐ ऐ | गा.पा | कानून, म.बा.जे.ना. तथा सामाजिक विकास शाखा | पहिलो वर्ष | ३० हजार | कानुन, नीति तथा योजना सशोधन भई लैससासमैत्रि भएका हुनेछन |
| | लैससास सम्वन्धि सवै प्रकारका कानून र कानूनी व्यवस्थाहरुलाई एकिकृत गर्न र लैससास नीतिको पूर्णरुपमा कार्यान्वयन गर्नका लागी विद्यमान नीति, कानुन, मापदण्ड, कार्यविधि, लैससास सम्वन्धि विषयगत समूह, सञ्जाल, समितिहरुको अध्ययन गरि **एक लैससासमैत्रि कानून, नीति तथा योजनामा पुनरावलोकन कार्यदल** निर्माण गर्ने । | ऐ ऐ | कानून, योजना, म.बा.जे.ना तथा सामाजिक विकास शाखा | वडा कार्यालय, उपाध्यक्ष तथा लैससास बिज्ञ | ऐ ऐ | १ लाख | कार्यदलले कानुन, नीति, मापदण्ड, कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने छ |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| | सेफ हाउस सम्वन्धि कार्यविधिलाई अन्तिम रुप दिने गाउँपालिका अन्तरर्गत बन्ने सेफ हाउसमा काउनिसिलिङ कक्ष र सो कक्षमा आश्रित वालवच्चाका लागी छुट्टै कक्ष निर्माण गर्ने गरि सेफ हाउसको कार्यविधिमा थप व्यवस्था राख्ने | हिंसा प्रभावित तथा बालबालिका | कानून, योजना, म.बा.जे.ना शाखा | सम्वन्धित विषयको संयोजक तथा अध्यक्ष | ऐ ऐ | १ लाख | थप व्यवस्था सहितको कार्यविधि लागु भएको हुनेछ |
| | जेष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि वनाउने | जेष्ठ नागरिक | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ५० हजार | कार्यविधि लागु भएको हुनेछ |
| | बिपन्न एकल महिला तथा पूरुषका लागी मोलुङ **आयमुलक क्रियाकलाप संचालन निर्देशिका** वनाई लागु गर्ने | बिपन्न एकल महिला तथा पुरुष | | ऐ ऐ | ऐ ऐ | ३० हजार | निर्देशिका लागु भएको हुनेछ |
| | गाउँपालिका भित्रका कार्यालयहरुमा लैससासमैत्रि भाषा तथा व्यवहारका लागी आचार संहिता वनाएर लागु गर्ने | लक्षित वर्ग | कानून, प्रशासन तथा म.बा.जे.ना शाखा | ऐ ऐ | ऐ ऐ | ३० हजार | आचार संहिता लागु भएको हुनेछ |
| | लक्षित वर्गलाइ सिप मुलक तालिमको अवसर दिनको लागी **सिपमुलक तालिम अवसर मापदण्ड** वनाई प्रयोगमा ल्याउने | ऐ ऐ | गा.पा | रोजगार, प्रशासन, तथा म.बा.जे.ना शाखा | ऐ ऐ | ३० हजार | मापदण्ड वनाई प्रयोगमा आएको हुनेछ |
| **लैससासको अवधारणा विकास गर्ने नीति अवलम्वन गर्ने ।** | अपाङ्गता भएका व्यक्तिहरुलाई दिदै आएको सामाग्री, औजार तथा आर्थिक सहयोगलाई निरन्तरता दिने | अपाङ्गता भएका व्यक्ति | गा.पा | म.बा.जे.ना शाखा, आर्थिक महाशाखा, वडा कार्यालय | निरन्तर | ५ लाख | अपाङ्गता भएका व्यक्तिले सामाग्री, औजार तथा आर्थिक सहयोग पाएका हुनेछन |
| | एकल महिला सुरक्षाकोषलाई निरन्तरता दिदै कोष वृद्धि गर्ने | एकल महिला | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ३ लाख | सुरक्षाकोष निरन्तररुपमा संचालित हुनेछ |
| | पालिकाको योजना तथा आर्थिक सहयोगमा निर्माण हुने भवनहरु लैगिक, अपाङ्गता तथा जेष्ठ नागरिकमैत्रि वनाउने | लक्षित वर्ग | ऐ ऐ | योजना तथा सामाजिक विकास शाखा | ऐ ऐ | २० हजार | समावेशी भवन निर्माण हुनेछन |
| | जिआरवि तथा जेसि अडिटवाट देखिएको समस्या तथा चूनौति समाधानको लागी गाउँपालिका स्तरिय **समिक्षात्मक वैठक**को आयोजना गर्ने | ऐ ऐ | प्रशासन | अध्यक्ष, उपाध्यक्ष तथा सामाजिक विकास शाखा | चौमासिक | ५० हजार | समिक्षात्मक वैठक सम्पन्न |
| | स्थानीय परिवेश अनुसारको लैससास समावेश भएको पाठ्यक्रम निर्माण गर्ने र यसमा लक्षित वर्गका अधिकार थप गर्ने | ऐ ऐ | शिक्षा शाखा | म.बा.जे.ना. शाखा, पाठ्यक्रम विभाग | पहिलो २ वर्ष भित्र | १० लाख | लैससास समावेशी पाठ्यक्रम |
| | महिला बिकास शाखालाई सशक्तिकरण गर्ने<br>• महिला शाखाका कर्मचारीको क्षमता विकासका लागी सेवाकालिन तालिम लगायत लैससास सम्वन्धि तालिम तथा सिप कार्यक्रम | महिला बिकास शाखाका कर्मचारी | गा.पा | प्रशासन तथा लेखा शाखा | निरन्तर | १ लाख | महिला बिकास शाखा तथा कर्मचारी सशक्त भएका हुनेछन |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| | जेष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि तथ्यांक संकलन तथा छलफल | जेष्ठ नागरिक | तथ्यांक शाखा, वडा कार्यालय | म.बा.जे.ना शाखा | तथ्यांक संकलन: पहिलो वर्ष छलफल : निरन्तर | ५० हजार | तथ्यांक संकलन भई छलफल गरिएको हुनेछ |
| | पहरि वस्तिका महिला तथा सिमान्तकृतको पहिचान गरि आवश्यकता पहिचान गर्ने | पहरि वस्तिका महिला तथा सिमान्तकृत | गा.पा तथा वडा कार्यालय | सामाजिक विकास शाखा | आवधिक | १ लाख | पहरि तथा सिमान्तकृतको पहिचान तथा उनिहरुका आवश्यकता पहिचान भएका हुनेछन |
| | किशोर किशोरीहरुलाई गाउँपालिकाले गर्ने कार्यहरुको बारेमा अभिमुखकिरण गर्ने | किशोर, किशोरी | गा.पा | म.बा.जे.ना तथा प्रशासन शाखा | निरन्तर | १ लाख | किशोर किशोरीहरु गाउँपालिकाले गर्ने कार्यहरुको बारेमा अभिमुखकिरण भएका हुनेछन |
| | यौन अल्पसंख्यक तथा एचआईभि प्रभावितको अधिकार वारेमा सचेतना कार्यक्रम | यौन अल्पसंख्यक तथा एचआईभि प्रभावित | ऐ ऐ | सामाजिक विकास तथा स्वास्थ्य शाखा | ऐ ऐ | १ लाख | सचेतना कार्यक्रम चलेका हुनेछन |

## नीति २ : लैससासमैत्रि संरचनाको तथा संयन्त्रको स्थापना तथा विकास गरि लैससासलाई नीतिगत तथा कार्यगतरुपमा सम्बोधन गर्ने ।

### यस नीति तथा रणनीतिमा आधारित कार्ययोजना

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| **पालिका तथा वडास्तरिय संरचनाहरुलाई लैससास तथा लैङ्गिक हिंसा सम्बोधन गर्न सक्ने वनाउने ।** | गाउँपाालिका तथा वडास्तरमा वनेका लैससास तथा लक्षित वर्ग केन्द्रित संरचनाहरुको **एकिकृत योजना** बनाई योजनाको समिक्षा गर्ने | लक्षित वर्ग | अध्यक्ष तथा उपाध्यक्ष | जनप्रतिनिधि, शाखा प्रमूहहरु | आवधिक | २ लाख | एकिकृत योजना कार्यान्वयन भएका हुनेछन |
| | लैससास सम्वन्धि सवै प्रकारका कानून र कानूनी व्यवस्थाहरुलाई एकिकृत गर्न र लैससास नीतिको पूर्णरुपमा कार्यान्वयन गर्नका लागी विद्यमान नीति, कानुन, मापदण्ड, कार्यविधि, लैससास सम्वन्धि विषयगत समूह, सञ्जाल, समितिहरुको अध्ययन गरि **एक लैससासमैत्रि कानून, नीति तथा योजनामा पुनरावलोकन कार्यदल** निर्माण गर्ने । | ऐ ऐ | कानून, प्रशासन, योजना, म.बा.जे.ना तथा सामाजिक विकास शाखा | वडा, उपाध्यक्ष तथा लैससास बिज्ञ | पहिलो बर्ष | १ लाख | कानुन, नीति, मापदण्ड, कार्यविधि निर्माण तथा कार्यान्वयन भएका हुनेछन |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| | पालिकामा लैंगिक तथा अपाङ्गता मैत्री शौचालय निर्माण गर्ने कार्यक्रम | महिला तथा अपाङ्गता भएका व्यक्ति | गा.पा | उपाध्यक्ष, दातृ निकाय | २ वर्ष भित्र | ३ लाख | लैंगिक तथा अपाङ्गता मैत्री शौचालय संचालित हुनेछन |
| | वडा तथा पालिकाभित्रका सबै कार्यालयमा महिला कर्मचारी, महिला जनप्रतिनिधि र महिला सेवाग्राही समेतको लागी सुरक्षित **स्तनपान कक्षको** व्यवस्था गर्ने । | महिला कर्मचारी, जनप्रतिनिधि तथा सेवाग्राही तथा उनिहरुका बच्चा | ऐ ऐ | सामाजिक विकास शाखा, दातृ निकाय | ऐ ऐ | २० लाख | सुरक्षित स्तनपान कक्षको निर्माण भएको हुनेछ |
| | **लैङ्गिक हिंसा सम्बोधन गर्ने संरचना तथा संयन्त्रहरु** | | | | | | |
| | वडा स्तरिय मेलमिलाप केन्द्र परिचलान गर्ने | लक्षित वर्ग | वडा कार्यालय | म.बा.जे.ना शाखा तथा न्यायिक समिति | ऐ ऐ | १० लाख | मेलमिलाप केन्द्र परिचलान भएका हुनेछन |
| | लैङ्गिक हिंसा प्रभावितका लागी गाउँपालिकामा नै कम्तिमा १ **सेफ हाउस** निर्माण गर्ने<br>● सेफ हाउसमा हिंसा प्रभावितको पूर्ण सुरक्षाको व्यवस्था गर्ने<br>● सेफ हाउसलाई थप आर्थिक तथा मानविय सहयोगमा अभिवृद्धि गर्दै लैजाने<br>● गाउँपालिकाले अन्य निकायहरुको सहकार्यमा सेफ हाउस सञ्चालनका दिदै आएको सेवा सुविधा अभिवृद्धि गर्ने | हिंसा प्रभावित | गा.पा | म.बा.जे.ना तथा सामाजिक विकास शाखा, दातृ निकाय | सेफ हाउस निर्माणः पहिलो बर्ष<br>सेवा सुविधा अभिवृद्धिः निरन्तर | १६ लाख. | सेफ हाउस निर्माण तथा संचालन भएको हुनेछ |
| | सामूदायिक मनोसामाजिक कार्यकर्ताहरुलाई पालिका स्तरमै पद सृजना गरि सेवालाई निरन्तरता | मनोसामाजिक कार्यकर्ताहरु | ऐ ऐ | दातृ निकाय | पहिलो बर्ष | १० लाख. | सामूदायिक मनोसामाजिक कार्यकर्ताहरुले सेवा दिनेछन |
| | लैगिक हिंसा प्रभावितहरुको लागि तत्काल प्रतिकार्य सेवा प्रदान गर्नको लागि आवास गृहको स्थापना गर्ने । | लैगिक हिंसा प्रभावित | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | २० लाख | आवास गृहको स्थापना तथा संचालन भएको हुनेछ |
| **लैससासलाई संस्थागतरुपमा संवोधन गर्ने ।** | आमा समूह, बालक्लव, मिलन समूह, छोरी वुहारी समूह, मिलन समूह गठनलाई विस्तार गर्ने तथा पुनरसंरचना गर्ने | लक्षित वर्ग | म.बा.जे.ना तथा सामाजिक विकास शाखा | वडा कार्यालय | निरन्तर | ४ लाख | विभिन्न समूह गठन विस्तार तथा पुनरसंरचना भएका हुनेछन |
| | बाल अधिकार तथा बालहित संरक्षणका लागि वडा तथा समुदायमा गठित वा गठन हुन बाँकी वस्तिमा समूहहरु गठन तथा परिचालन गर्ने | बालबालिका | वडा कार्यालय | म.बा.जे.ना. शाखा | निरन्तर | ५ लाख | वडा तथा समुदायमा समूह गठन तथा परिचानल भएका हुनेछन |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| | गाउँपालिकाका अन्तरर्गत विषयगत शाखा/इकाई, समिति र उपसमितिहरुको सशक्तिकरणका कार्यक्रम गर्ने | विषयगत शाखा/इकाई, समिति र उपसमिति | गा.पा | प्रशासन, उपाध्यक्ष | ऐ ऐ | ५ लाख | विषयगत शाखा/इकाई, समिति र उपसमितिको कार्यदक्षता बढेको हुनेछ |
| | पालिकाद्धारा सञ्चालन भएका लैससासका कार्यक्रमवाट सफल व्यक्ति तथा समूहलाई पुरस्कृत तथा सम्मान कार्यक्रम | सफल व्यक्ति तथा समूह | गा.पा | वार्ड, रोजगार तथा म.बा.जे.ना शाखा | ऐ ऐ | २० हजार | सफल भएको व्यक्ति पुरस्कृत |
| | लैङ्गिक भूमिकामा रुपान्तरण सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन र वितरण, समुदायमा आधारित संस्था, समूह परिचालन लगाएत उदाहरणीय कार्य गर्ने संस्था, समूह परिवार र व्यक्तिलाई सम्मान | उदाहरणीय कार्य गर्ने संस्था, समूह परिवार र व्यक्ति | वडा कार्यालय | वडा कार्यालय, सम्वन्धित समूहका अध्यक्ष तथा संयोजक | ऐ ऐ | २ लाख | कार्यक्रम संपन्न भएका छन |
| | लैंगिक समानता तथा सामाजिक समावेशीकरणको लागि महिला पुरुष जोडि तथा संयुक्त कार्यक्रम । | महिला पुरुष जोडि | गा.पा तथा वडा कार्यालय | म.बा.जे.ना शाखा तथा सामाजिक विकास शाखा | ऐ ऐ | २ लाख | महिला पुरुष जोडि तथा संयुक्त कार्यक्रम भई लैगिक समानताको विकास भएको हुनेछ |
| | लक्षित वर्ग केन्द्रित समिति, उपसमिति, सञ्जाल, आमा समूह जेष्ठ नागरिकको समूहको अधिकार बारेमा अभियान चलाउने | लक्षित वर्ग | महिला तथा सामाजिक विकास शाखा | ऐ ऐ | ऐ ऐ | ५ लाख | अधिकार बारेमा अभियान सम्पन्न हुनेछन |
| | एकल महिला सुरक्षा कोषलाई निरन्तरता दिने | एकल महिला | गा.पा | वडा कार्यालय | ऐ ऐ | ५ लाख | महिला सुरक्षा कोषलाई निरन्तरता दिएको |
| | जनप्रतिनिधि तथा सरोकारवालासंग लैससास कार्यक्रम सञ्चालन गर्ने | जनप्रतिनिधि तथा सरोकारवाला | ऐ ऐ | उपाध्यक्ष, सामाजिक विकास शाखा | ऐ.ऐ | १ लाख | लैससास कार्यक्रम सञ्चालन भएको हुनेछ |
| | जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वास्थ्य सेवा विस्तार गर्ने | जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति | ऐ ऐ | स्वास्थ्य तथा म.बा.जे.ना शाखा | ऐ.ऐ | ५ लाख | सेवा विस्तार भएको हुनेछ |
| | लैङ्गिक हिंसा विरुद्धको कोष परिचालन गर्ने | हिंसा प्रभावित | ऐ ऐ | उपाध्यक्ष, म.बा.जे.ना. शाखा, सम्बन्धित गैसस | ऐ ऐ | १० लाख | हिंसा निवारण कोष परिचालन भएको हुनेछ |
| | छोरी मात्र सन्तान हुने दम्पतीलाई सम्मान कार्यक्रम | अभिभावक | ऐ ऐ | म.बा.जे.ना. शाखा | ऐ ऐ | १ लाख | अभिभावक सम्मानित |
| | **लैससासमैत्रि संयन्त्र (समावेशी समूह, समिती, क्लव)** | | | | | | |
| | बाल क्लव विस्तार तथा परिचालन गर्ने र बाल वचत कार्यक्रमलाई निरन्तरता दिने | बालबालिका | ऐ ऐ | वडा कार्यालय | ऐ.ऐ | २ लाख | बाल वचत कार्यक्रमले निरन्तरता पाएको हुनेछ |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| | आमा समूह विस्तार तथा परिचालन गर्ने र उनिहरुको क्षमता विकास गर्ने | आमा समूह | ऐ.ऐ | ऐ.ऐ | ऐ ऐ | २ लाख | तालिम प्राप्त गर्ने आमा समूहको संख्यामा बृद्धि भएको हुनेछ |
| | पालिका स्तरमा गठन हुन बाँकी लैससास सम्वन्धी समूहहरुमा दलित र जनजातिको संख्यामा वृद्धि गर्दै समूह गठन तथा पुनर्गठन गर्ने | दलित र जनजाति | म.बा.जे.ना. तथा सामाजिक विकास शाखा | वडा कार्यालय | ऐ ऐ | २ लाख | लैससास सम्वन्धी समूहहरुमा दलित र जनजातिको संख्यामा वृद्धि गर्दै गठन तथा पुनर्गठन हुनेछन |
| **लैंससास सूचना प्रणालीलाई संस्थागत गर्ने ।** | जिआरवि, जेसि, सामाजिक परिक्षणको नतिजा लगाएत लैससास सम्वन्धि सवै प्रकारका क्रियाकलापलाई गाउँपालिकाको वेवसाईडमा राख्ने | लक्षित वर्ग | आईटि तथा सूचना प्रविधि शाखा | पालिकाको सवै शाखा तथा वडा कार्यालयहरु | निरन्तर | १ लाख | लक्षित कार्यक्रमहरु विद्युतिय माध्यममा हेर्न सकिने भएको हुनेछ |
| | लैससासलाई दिदै आएको सेवा सुविधा बारेमा स्थानीय एफएफ रेडियो मार्फत सुचना प्रवाह गर्ने | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | २ लाख | सेवा सुविधा बारेमा स्थानीय एफएफ रेडियो मार्फत सुचना प्रवाह भएको हुनेछ |
| | सफलताको कथालाई वेवसाईडमा राखेर प्रचार प्रसार तथा सफलताको कथा आदान प्रदान गर्ने | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ५० हजार | सफलताको कथा आदान प्रदान भएका हुनेछन |
| | योजनाको चरणहरुको चार्ट वनाएर सवै वडा कार्यालयहरुमा टाँस्ने | ऐ ऐ | गा.पा तथा वडा कार्यालय | प्रशासन तथा योजना शाखा | बार्षिक | १ लाख | योजनाको चरणहरुको चार्ट पालिका तथा वडा कार्यालयमा राखिएका हुनेछन |
| | जिआरवि, जेसि, सामाजिक लगायतको परिक्षणलाई नियमित गर्ने र त्यसको नतिजा वेवसाईडमा राख्ने | ऐ ऐ | आईटि तथा सूचना प्रविधि शाखा | पालिकाको सवै शाखा तथा वडा कार्यालयहरु | ऐ ऐ | ६० हजार | जिआरवि, जेसि, सामाजिक लगायतको परिक्षण नियमित भई नतिजा वेवसाईडमा राखिएका हुनेछन |
| | वार्षिक, अर्धवाषिक योजनाको समिक्षामा यस कार्ययोजनाबाट लक्षित वर्गमा परको सकारात्मक प्रभावलाई अभिलेखन तथा विश्लेषण गरि पालिकाको प्रतिवेदन तथा वेवसाईडमा राख्ने । | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | वार्षिक, अर्धवाषिक रुपमा | ५० हजार | लक्षित वर्गमा परेको सकारात्मक प्रभावको अभिलखित भएको तथा पालिकाको प्रतिवेदन तथा वेवसाईडमा राखिएको हुनेछ |

**नीति ३ : लैङ्गिक तथा सामाजिक अन्तरविविधताको आधारमा लक्षित वर्गका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार सुनिश्चित गर्ने ।**

**यस नीति तथा रणनीतिका आधारित कार्य योजना**

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| **सिमान्तकृत पहरे तथा माझी वस्तिको सशक्तिकरण तथा तिनको नागरिक तथा मौलिक अधिकार सुनिश्चित गर्ने ।** | पहरे वस्तिको शिक्षा, स्वास्थ्य, आर्थिक र सामाजिक विकासका विशिष्टकृत कार्यक्रम तय गरि कार्यान्वयन गर्न त्यस वस्तिको वालवालिका, अति बिपन्न, घरजग्गा विहिन, हिंसा प्रभावित, उमेर समूह शिक्षा, घरेलु हिसा पिडित, कुषोषित वालावालिका, जेष्ठ नागरिक समस्या सवैलाई संवोधन हुने गरि **एकिकृत योजना** तय गरि पाँचवर्षमा यी सवाल समाधन गर्दै जाने कार्यक्रम | पहरे समूदायका ब्यक्ति | गा.पा | प्रशासन, कानून, योजना, म.बा.जे.ना तथा सामाजिक विकास शाखा | पाँचवर्ष भित्र | ५० हजार | एकिकृत योजना तय गरि पाँचवर्षमा पहरे समूदायका सवाल समाधान भएका हुनेछन |
| | • पहरे वस्तिमा कुपोषणबाट बालवचाउ कार्यक्रम सञ्चालन गर्ने<br>• पहरि वस्तिमा रहेका सिमान्तकृतहरुको समूह गठन तथा आर्थिक सहयोग कार्यक्रम गर्ने<br>• पहरे वस्तिमा रहेको परंपरागत सिपलाई आधुनिकतासंग जोड्ने<br>• पहरे वस्तिमा सफा खानेपानीको कार्यक्रम<br>• पहरि वस्तिका छात्रछात्रलाई शैक्षिक सहयोग गर्ने<br>• पहरे वस्तिका सिमान्तकृतका लागी दैवी प्रकोप सुरक्षित सम्वन्धि कार्यक्रम | ऐ ऐ | गा.पा तथा वडा कार्यालय | योजना, स्वास्थ्य, रोजगार तथा सामाजिक विकास शाखा, विकास साझेदार | निरन्तर | ६ लाख | पहरे वस्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण भएको हुनेछ |
| | • सन्तती पढाउने माझि समूदायलाई सम्मान गर्ने<br>• मावि सम्म पढ्ने माझिको सन्ततीलाई शैक्षिक सहयोग गर्ने<br>• माझि वस्तिको .गरिवी निवारणमा सहयोग कार्यक्रम | माझि वस्ति | ऐ ऐ | शिक्षा, योजना, रोजगार तथा सामाजिक विकास शाखा | ऐ ऐ | ६ लाख | माझि वस्तिको आर्थिक अवस्थामा सुधार भई उनिहरुका सन्ततीले शैक्षिक सहयोग पाएका हुनेछन |
| **महिला, बालबालिका, आदिबासी** | बालिका वचत कार्यक्रम सञ्चालन गर्ने | बालिका | गा.पा | म.बा.जे.ना तथा आर्थिक शाखा | निरन्तर | ५ लाख | वचत कार्यक्रम सञ्चालित हुनेछन |
| **जनजाति, सिमान्तकृत,** | जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिको लागी आर्थिक सहयोगमा थप गर्नै | जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्ति | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ५ लाख | थप सहयोगले जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिको आर्थिक उन्नति हुनेछ |
| **दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, बिपन्न आदि** | गाउँपालिकाबाट उपलब्ध गराइने सेवा, सुविधा र विकासका कार्यक्रमहरुमा लक्षित वर्गलाई सिप मुलक कार्यक्रमसंग जोड्ने कार्यक्रम । | लक्षित वर्ग | ऐ ऐ | वडा कार्यालय, रोजगार शाखा, गैसस, CTEVT | ऐ ऐ | २ लाख | गाउँपालिकाबाट उपलब्ध गराइने सेवा, सुविधा र विकासका कार्यक्रमहरु सिपमुलक कार्यक्रमसंग जोएिका हुनेछन |
| **लक्षित वर्गको सशक्तिकरण तथा** | अपाङ्गता भएका ब्यक्तिद्वारा निर्मित सामाग्रीलाई वजारमा विक्रि गर्ने वातावरणका लागी कोसेली घर कार्यक्रम | अपाङ्गता भएका ब्यक्ति | रोजगार शाखा | म.बा.जे.ना शाखा | ऐ ऐ | १ लाख | कोसेली घर कार्यक्रम सम्पन्न |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| **आर्थिक अधिकारको संरक्षण गर्ने ।** | द्वन्द्व पिडित तथा अति विपन्न महिलाहरुलाई आर्थिक सहयोग कार्यक्रम | द्वन्द्व पिडित तथा अति विपन्न महिला | म.बा.जे.ना तथा वडा कार्यालय, | आर्थिक महाशाखा | ऐ ऐ | २ लाख | लक्षितको आर्थिक अवस्थामा परिवर्तन देखिन थाल्नेछन |
| | सिपमुलक कार्यक्रमवाट सफल भएको व्यक्तिलाई पुरस्कार कार्यक्रम | सिपमुलक कार्यक्रमवाट सफल भएको व्यक्ति | गा.पा तथा वडा कार्यालय | रोजगार शाखा, गैसस, CTEVT | ऐ.ऐ | १ लाख | सिपमुलक कार्यक्रम सम्पन्न भएका हुनेछन् |
| | वैदेशिक रोजगारीवाट फर्केका लक्षितसमूहका व्यक्तिहरुको समूह गठन र वित्तिय तालिम । | रोजगारीवाट फर्केका लक्षित व्यक्ति | रोजगार, सामाजिक विकास तथा म.बा.जे.ना शाखा | सम्वन्धित गैसस, दातृ निकाय | ऐ ऐ | ३ लाख | समूह गठन र वित्तिय तालिम सम्पन्न |
| | वस्ति वस्तिमा रहेका महिला, बालबालिका, आदिबासी जनजाति, सिमान्तकृत, दलित, अपाङ्गता भएका व्यक्ति, द्धन्त प्रभावित आदि लक्षित वर्गको आर्थिक सशक्तिकरण कार्यक्रम | लक्षित वर्ग | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ३ लाख | लक्षित वर्गको आर्थिक सशक्तिकरण कार्यक्रम संचालन भएका हुनेछन् |
| | लक्षित वर्गको अधिकार तथा सेवा सुविधा बारेमा लक्षितहरुसंग अन्तरक्रिया तथा छलफल कार्यक्रम गर्ने | ऐ ऐ | पालिका तथा वडा कार्यालय | प्रशासन तथा म.बा.जे.ना. शाखा | ऐ ऐ | ३ लाख | लक्षित कार्यक्रमहरु वारे लक्षित वर्गहरु जानकार हुनेछन |
| **लक्षित वर्गको स्वास्थ्य अधिकार सुनिश्चित गर्ने ।** | मनोसामाजिक सहयोग तथा परामर्ष कार्यक्रम निरन्तरता | लक्षित वर्ग | गा.पा | स्वास्थ्य तथा म.बा.जे.ना. शाखा | निरन्तर | १ लाख | मनोसामाजिक सहयोग तथा परामर्षको निरन्तर सहयोग |
| | अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र गर्भवतिको लागी निशुल्क एम्वुलेन्स सेवा | अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र गर्भवति | ऐ ऐ | विकास साझेदार तथा दातृ निकाय | ऐ ऐ | १० लाख | लक्षित वर्गका लागि एम्वुलेन्स सेवा उपलब्ध भएको हुनेछ |
| | परिवार नभएका तथा परिवारवाट परित्याग भएका वालवालिकाहरुको स्वास्थ्यमा पालिकाले सहयोग गर्ने | वालवालिका | ऐ ऐ | स्वास्थ्य तथा म.बा.जे.ना. शाखा | ऐ ऐ | ३ लाख | वालवालिकाहरुले सहयोग पाएको हुनेछन |
| | जेष्ठ नागरिक, गर्भवति, जन्मदोष देखिएका व्यक्ति, तथा अपाङ्गता भएका व्यक्तिको लागी स्वास्थ्य विमा तथा लक्षितका लागी निशुल्क प्राथमिक उपचारका लागी कार्यक्रम | लक्षित वर्ग | ऐ ऐ | जनस्वास्थ्य, स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्र | ऐ ऐ | २ लाख | लक्षित वर्गको स्वास्थ्यमा सुधार आएको हुनेछ |
| **किशोरी तथा महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकार** | महिला तथा यौनिक अल्पसंख्यकको प्रजनन स्वास्थ्य अधिकार वारेमा सचेतना कार्यक्रम | महिला तथा यौनिक अल्पसंख्यक | स्वास्थ्य तथा म.बा.जे.ना. शाखा | जनस्वास्थ्य, स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्र, गैसस | ऐ ऐ | २ लाख | महिला तथा यौनिक अल्पसंख्यक आफना प्रजनन स्वास्थ्य अधिकार वारेमा सचेत हुनेछन |
| | एचआईभि प्रभावित तथा लिभिङ टुगेदर सम्वन्धी समस्या तथा रोकथाम वारेमा जनचेतनामुलक कार्यक्रम गर्ने | लक्षित वर्ग | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | २ लाख | जनचेतनामुलक कार्यक्रम सम्पन्न |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| **सुनिश्चित गर्दै लैजाने ।** | यौन तथा प्रजनन अधिकार बारेमा लैससास सरोकारवालालाई अभिमुखीकरण कार्यक्रम | सरोकारवाला | वडा कार्यालय | स्वास्थ्य तथा म.बा.जे.ना. शाखा | ऐ ऐ | २ लाख | अभिमुखीकरण कार्यक्रम सम्पन्न |
| | सुरक्षित मातृत्व लगाएत सेवा अन्तरगत दिदै आएको निश्चित कार्यक्रमलाई प्रभावकारी वनाउन गाउँपालिकाले केहि आर्थिक सहयोग गर्ने | लक्षित वर्ग | गा.पा | ऐ ऐ | ऐ ऐ | ५ लाख | दिदै आएको स्वास्थ्य सेवाको लागि आर्थिक सहयोग निरन्तर हुनेछ |
| | कोसेली भेट तथा सुत्केरीलाई उपहार कार्यक्रम निरन्तर | प्रजनन उमेरका महिला | स्वास्थ्य तथा म.बा.जे.ना. शाखा | जनस्वास्थ्य, वडा कार्यालय | ऐ ऐ | १ लाख | प्रजनन उमेरका महिला लाभान्वित हुनेछन |
| | महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारलाई कार्यान्वयन गर्न व्यावहारिक र कार्यगत पहल गर्ने | ऐ ऐ | गा.पा | स्वास्थ्य तथा म.बा.जे.ना. शाखा | ऐ ऐ | १ लाख | पालिकाले कार्यगत पहल गरेको हुनेछ |
| | सुरक्षित गर्भधारण तथा प्रजनन स्वास्थ्य सम्वन्धि दम्पती अभिमुखीकरण कार्यक्रम | दम्पती | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ५ लाख | अभिमुखीकरण सम्पन्न |
| **व्यवस्थित योजना तथा बजेट को माध्यमबाट लक्षित वर्गको अधिकार सुरक्षित गर्ने ।** | जेसि र जिआरविको अभिमुखिकरण तथा परिक्षण गर्ने र भुगोल र अवस्था अनुसार सुचकमा संशोधन गर्ने | लक्षित वर्ग | गा.पा | गापाका शाखा प्रमुखहरु तथा गैसस | बार्षिक | १ लाख | भुगोल र अवस्था अनुसार सुचक तयार भै जेसि र जिआरविको अभिमुखिकरण तथा परिक्षणका आधारमा योजना तय हुने अभ्यास हुदै जानेछ |
| | लक्षित वर्गको वजेट तथा कार्यक्रमलाई पुनरावलोकन गरि योजना तर्जुमामा लैससासलाई प्राथमिकता दिने | ऐ ऐ | गा.पा तथा वडा कार्यालय | योजना शाखा | ऐ ऐ | १ लाख | लैससास तथा लक्षित वर्गको तथ्यांक अनुसारको योजनाले प्राथमिकता पाएको |
| | लक्षित वर्गको तथ्यांक अनुसारको योजना तय गरिनेछ | ऐ ऐ | योजना शाखा तथा वडा कार्यालय | तथ्यांक शाखा | ऐ ऐ | बजेट नचाहिने | |
| | प्रत्येक वडाका लक्षित वर्ग केन्द्रित समूह सञ्जाललाई लैससास अवधारणा, लैससास सशक्तिकरण सम्वन्धि तालिमहरु सञ्चालन गरि योजना निर्माणमा योगदान दिन सक्षम बनाउने | ऐ ऐ | ऐ ऐ | सामाजिक विकास तथा म.बा.जे.ना शाखा | निरन्तर | १ लाख | लक्षित वर्गको योजना निर्माणमा योगदान बढनेछ |
| **सिपमुलक कार्यक्रम ।** | एकल महिला, अपाङ्गता भएका व्यक्ति, द्वन्द पिडित, अति विपन्न महिला, हिंसा प्रभावित महिलालाई दिदै आएको सिपमुलक कार्यक्रमलाई निरन्तरता दिदै नयाँ सिपमुलक कार्यक्रम संचालन गर्ने | लक्षित वर्ग | रोजगार, सामाजिक विकास तथा म.बा.जे.ना शाखा | दातृसंस्था, गैसस, CTEVT, उद्योग बाणिज्य संघ | निरन्तर | ५ लाख | विभिन्न प्रकारका सिप मुलक कार्यक्रम सञ्चालन भएका हुनेछन |
| | लक्षित वर्गलाई बजार मांग बमोजिम उद्यमशिलता सम्वन्धि सिप मुलक कार्यक्रम संग जोड्ने | लक्षित वर्ग | गा.पा | ऐ ऐ | ऐ ऐ | १० हजार | बजार मांग बमोजिमको सिपमुलक कार्यक्रम संचालित |
| | लक्षित वर्गभित्रको पनि अति लक्षित वर्ग छनौट गरि सिप मुलक तथा व्यवसायिक तालिम दिने | अति लक्षित वर्ग | गा.पा तथा वडा कार्यालय | ऐ ऐ | ऐ ऐ | १ लाख | अति लक्षित वर्गले सिप तथा व्यवसायिक तालिम लिएका हुनेछन |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| | सिपमुलक कार्यक्रमवाट सफल भएको व्यक्तिलाई पुरस्कृत गर्ने | सिपमुलक कार्यमा सफल भएको व्यक्ति | ऐ ऐ | रोजगार तथा म.बा.जे.ना शाखा | ऐ ऐ | २० हजार | सफल भएको व्यक्ति पुरस्कृत |
| | वैदेशिक रोजगारीवाट फर्केका लक्षितसमूहका व्यक्तिहरुको समूह गठन र वित्तिय तालिम । | रोजगारीवाट फर्केका लक्षित व्यक्ति | रोजगार, सामाजिक विकास तथा म.बा.जे.ना शाखा | सम्वन्धित गैसस, दातृ निकाय | ऐ ऐ | २० हजार | समूह गठन र वित्तिय तालिम सम्पन्न |
| | वैदेशिक रोजगारीमा जाने महिलाका लागी सिपमुलक कार्यक्रम । | वैदेशिक रोजगारीमा जाने महिला | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | १ लाख | वैदेशिक रोजगारीमा जाने महिलाले सिप प्राप्त गरेका हुनेछन |
| **लैससास मैत्रि शिक्षा** | विद्यालयमा आत्महत्या दुरुत्साहन तथा रोकथाम सम्वन्धि अभिमुखीकरण | लक्षित वर्ग | गा.पा तथा वडा कार्यालय | शिक्षा शाखा, विद्यालय, गैसस | निरन्तर | ४० हजार | आत्महत्याको संख्यामा कमि हुनेछ |
| | विद्यालयमा नर्स राख्ने व्यवस्था | ऐ ऐ | ऐ ऐ | वडा कार्यालय, विद्यालय, शिक्षा शाखा तथा म.बा.जे.ना शाखा | ऐ ऐ | १० लाख | विद्यालयमा नर्स कार्यरत |
| | बालवालिका तथा शिक्षक प्रोत्साहन तथा विद्यार्थीको प्रतिभा प्रस्फुटन कार्यक्रम | बालवालिका तथा शिक्षक | विद्यालय, शिक्षा शाखा | वडा कार्यालय | ऐ ऐ | १ लाख | बालवालिका तथा शिक्षकको मनोबल बढनेछ |
| | निमावि तथा मावि स्तरका छात्राहरुका लागी मासिक रुपमा १ वट्टा निशुल्क स्यानटरी प्याड उपलब्ध गराउने | छात्रा | स्वास्थ्य शाखा, बिद्यालय | वडा कार्यालय, म.बा.जे.ना शाखा | ऐ ऐ | १ लाख | छात्राहरुका लागी मासिक रुपमा १ वट्टा निशुल्क स्यानटरी प्याड उपलब्ध भएको हुनेछ |
| | लैंगिकमैत्री पाठ्यसामग्री र पठनपाठन कार्यक्रमका लागी पाठ्यक्रम कार्यालयमा समन्वय र सहकार्य गर्ने | लक्षित वर्ग | गा.पा | सम्वन्धित विषयको संयोजक तथा अध्यक्ष | ऐ ऐ | २ लाख | लैससासलाई पाठ्य सामाग्रीमा समावेश भई पठन पाठन भएको हुनेछ |
| | दलित लगाएत अन्य सिमान्तकृत परिवारका सन्ततीलाई शिक्षामा सहयोग कार्यक्रम | दलित लगाएत अन्य सिमान्तकृत परिवारका सन्तती | गा.पा तथा वडा कार्यालय | शिक्षा शाखा | ऐ ऐ | २ लाख | दलित लगाएत तथा सिमान्तकृत परिवारका सन्ततीलाई शिक्षामा सहयोग हुनेछ |

## नीति ४ : नेतृत्व तथा निर्णायक तहमा लक्षित वर्गको अर्थपूर्ण प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गर्ने ।

**यस नीति तथा रणनीतिमा आधारित कार्ययोजना**

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| **योजना निर्माणमा लक्षित वर्गको सहभागिता वढाउने** | वार्षिक योजना तर्जुमाको सबै चरणमा लक्षित वर्गहरुको सहभागितालाई वृद्धि गर्दै लैजाने | लक्षित वर्ग | वडा कार्यालय तथा योजना शाखा | सामाजिक विकास तथा म.बा.जे.ना शाखा | निरन्तर | २ लाख | योजना तर्जुमाको सबै चरणमा लक्षित वर्गहरुको सहभागितालाई वृद्धि भएको हुनेछ |
| | उपभोक्ता समिति तथा टोलविकास संस्थामा महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गको संख्या अभिवृद्धि गर्ने | ऐ ऐ | वडा कार्यालय | उपभोक्ता समिति तथा टोलविकास संस्था | ऐ ऐ | ५० हजार | उपभोक्ता समिति तथा टोलविकास संस्थामा लक्षित वर्गको संख्या बढेको हुनेछ |
| | उपभोक्ता समूहको दायित्व सम्वन्धि अभिमुखीकरण | उपभोक्ता समूह | गा पा तथा वडा कार्यालय | सामाजिक विकास तथा म.बा.जे.ना शाखा | ऐ ऐ | १ लाख | अभिमुखीकरण सम्पन्न |
| | लैससासका आधारमा गठन भएका समूह, सञ्जाल, क्लव, समितीहरुलाई प्रस्तावना लेखन, वैठक सञ्चालन सम्वन्धि विधि, सम्वन्धि तालिम | लक्षित वर्ग | म.बा.जे.ना. तथा सामाजिक विकास शाखा | वडा कार्यालयहरु, गैसस | ऐ ऐ | ३ लाख | लक्षित वर्गको लागि तालिम सम्पन्न भएको हुनेछ |
| **लैससासप्रति बढी संवेदनशील, उत्तरदायी तथा जवाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।** | वालक्लव, आमा समूह, युवा सञ्जाल, जेष्ठ नागरिक मिलन समूह, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती, सिमान्तकृत लगायत सवै लक्षित वर्गहरुको **क्षमता विकास आवश्यकता पहिचान** गरि क्षमता विकास कार्यक्रम संचालन गर्ने | लक्षित वर्ग | गा.पा | वडा कार्यालय | ऐ ऐ | १० लाख | क्षमता विकास आवश्यकता पहिचान भई लक्षित वर्गको क्षमता विकास कार्यक्रम संचालन भएको हुनेछ |
| | सिपिएसको क्षमता वृद्धि गर्ने | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ५० हजार | सिपिएसको क्षमता वृद्धि भएको हुनेछ |
| | लैससास सम्वन्धि कानूनी अधिकार विषयक तालिम समूदाय स्तरसम्म सञ्चालन गर्ने | ऐ ऐ | कानून शाखा | वडा कार्यालय | ऐ ऐ | १ लाख | तालिम सम्पन्न भएको हुनेछ |
| | महिला अधिकार सम्वन्धि तालिम समूदाय स्तरसम्म अभिमुखीकरण कार्यक्रम गर्ने | ऐ ऐ | म.बा.जे.ना शाखा | महिला अधिकार सम्वन्धि काम गर्ने संघसंस्था | ऐ ऐ | १ लाख | महिला अधिकार सम्वन्धि समूदाय स्तरमा तालिम सम्पन्न |
| | बालक्लबसंग गाउँपालिका कार्यक्रम गर्ने | बालबालिका | वडा कार्यालय | गैसस, बालक्लब | ऐ ऐ | १ लाख | बालक्लबहरु सशक्त भएका हुनेछन |
| | गाउँपालिकाको विषयगत शाखाका कर्मचारी तथा जनप्रतिनिधिलाई लक्षित वर्गप्रति गाउँपालिकाको भूमिका विषयक कार्यक्रम | कर्मचारी तथा जनप्रतिनिधि | गा.पा | वडा कार्यालय | ऐ ऐ | ५ लाख | गाउँपालिका लक्षित वर्गप्रति थप उत्तरदायी हुनेछ |
| **नीतिगत रुपमा महिलाको समानुपातिक, अर्थपूर्ण प्रतिनिधित्व सूनिश्चित गर्ने ।** | पालिकाद्धारा गठित विषयगत समितिमा ३३ प्रतिशतलाई वढावा दिने | महिला | गा.पा | म.बा.जे.ना. तथा सामाजिक विकास शाखा | निरन्तर | ५० हजार | नीतिगत रुपमा नै महिलाको समानुपातिक, अर्थपूर्ण प्रतिनिधित्व सूनिश्चित भएको हुनेछ |
| | पालिकाबाट समुदायमा सञ्चालित कार्यक्रमहरु विभिन्न समूहका महिला सदस्यहरुको नेतृत्वमा सञ्चालन गर्न उनिहरुको क्षमता विकास गर्ने । | समूहका महिला सदस्य | गा.पा तथा वडा कार्यालय | गैसस, विकास साझेदार | ऐ.ऐ. | १ लाख | समूहका महिला सदस्यहरुको कार्यक्रम सञ्चालन गर्न सक्ने क्षमताको विकास भएको हुनेछ |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| | किशोरी, अपाङ्गता भएका महिला, जेष्ठ महिला, दलित महिला, एच.आई.भी प्रभावित/संक्रमित महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, आदिवासी तथा जनजाती महिला, धार्मिक अल्पसंख्यक महिला, द्वन्द्व पिडित महिला, अपाङ्गता भएका महिला, मानव बेचबिखनका प्रभावित महिला, तथा एकल महिला आदि सहितको **पालिकास्तरीय महिला बिज्ञ समिति** गठन गरि नीति निर्माण तथा निर्णयहमा सहभागी गराउने | अन्तरविविध सवाल भोगिरहका वा सवाललाई प्रतिनिधित्व गर्ने महिलाहरु | गा.पा | म.बा.जे.ना शाखा, महिलाको क्षेत्रमा काम गर्ने संघसंस्था | २ बर्ष भित्र | ५० हजार | पालिकास्तरीय महिला बिज्ञ समिति गठन तथा परिचालन हुनेछ |
| | राजनीतिक दलका महिलाहरुलाई अर्थपूर्ण तथा सहभागिता मुलक नेतृत्वको विकास तथा अनुभव साटासाट कार्यक्रम ( लिडरसिप, बैकठ विधि र प्रकृया, कम्यूनिकेशन तथा सञ्चारसिप, समन्वय तथा संयोजन सम्वन्धी तालिम भ्रमण तथा अनुभव सिकाई आदनप्रदानका लागी अन्य जिल्लाको भ्रमण) मार्फत भावि जनप्रतिनिधीकोरुपमा तयार गर्ने | राजनीतिक दलका महिला | गा.पा तथा वडा कार्यालय | गैसस, विकास साझेदार | निरन्तर | ३ लाख | राजनीतिक दलका महिलाहरुको अर्थपूर्ण तथा सहभागितामुलक नेतृत्वको विकास भएको हुनेछ |
| **निर्वाचित पदाधिकारीहरुको विषयगत नेतृत्व क्षमता विकास** | निर्वाचित महिला तथा दलित प्रतिनिधि पदाधिकारीहरुको विषयगत नेतृत्व विकासका लागि तालिम सञ्चालन गर्ने र नेतृत्वदायी भूमिकामा प्रोत्साहन गर्ने | निर्वाचित महिला तथा दलित प्रतिनिधि | गा.पा | UN WOMEN, विकास साझेदार म.बा.जे.ना. शाखा, गैसस | निर्वाचित भएको १ बर्ष भित्र | ५ लाख | निर्वाचित महिला तथा दलित प्रतिनिधिहरुको विषयगत नेतृत्व विकास भएको हुनेछ |
| | निर्वाचित पदाधिकारीहरुलाई स्थानीय सरकारको काम कर्तव्य र अधिकार, स्थानीय समस्या पहिचान, योजना चक्र तथा योजना निर्माण विधि तथा जिम्मेवारी अनुसार कानूनी दायित्व विषय सम्वन्धमा अभिमुखीकरण गर्ने । | निर्वाचित पदाधिकारीहरु | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. | ३ लाख | निर्वाचित पदाधिकारीहरुको जिम्मेवारी भित्र पर्ने दायित्ववारे क्षमताको विकास भएको हुनेछ |
| | सवै जनप्रतिनिधीहरुलाई नेतृत्व विकास तथा लैंससास सम्वन्धि तालिम योजना निर्माण, कार्यक्रम सञ्चालन तथा अनुगमन सम्वन्धि तालिम | जनप्रतिनिधीहरु | ऐ.ऐ. | ऐ.ऐ. | ऐ.ऐ. | ३ लाख | जनप्रतिनिधिहरुको क्षमता विकास भई कार्यदक्षता बढेको हुनेछ |
| | वडाका सवै सदस्यहरुलाई वडा सचिव समेत राखी बैठकको निर्णय लेखन तथा बैठक सञ्चालन एवं प्रस्तावना लेखन सम्वन्धि अभिमुखीकरण कार्यक्रम गर्ने | सवै वडा सदस्य | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ४ लाख | अभिमुखीकरण कार्यक्रम सम्पन्न |
| | निर्वाचित पदाधिकारीहरुलाई जिआरवि र लैससास (जेसि) अभिमुखकिरण तथा परिक्षणका बारेमा क्षमता अभिवृद्धिको कार्यक्रम | निर्वाचित पदाधिकारी | गा.पा | प्रशासन शाखा | ऐ ऐ | ३ लाख | निर्वाचित पदाधिकारीको जिआरवि र लैससास वारे क्षमता अभिवृद्धि भएको हुनेछ |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| **लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्नको लागी समानूपातिक सहभागितामा जोडदिने** | महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगाएत सबै लक्षित वर्गको बालक्लव, महिला तथा उपभोक्ता समूह तथा समितिहरुमा उनीहरुको प्रतिनिधित्व बढाउदै लैजाने | लक्षित वर्ग | गा.पा तथा वडा कार्यालय | म.बा.जे.ना. तथा सामाजिक विकास शाखा | निरन्तर | १ लाख | सबै संरचना तथ संयन्त्रमा लक्षित वर्गको प्रतिनिधित्व बढेको हुनेछ |
| | महिला तथा लक्षितवर्गको राजनीतिक नेतृत्व तथा क्षमता विकासका लागि गाउँपालिकाको काम कर्तव्य र भुमिका विषयमा अन्तरक्रिया कार्यक्रम गर्ने | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | २ लाख | अन्तरक्रिया कार्यक्रम सम्पन्न |

## नीति ५ : पितृसतात्मक एबं विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति, अन्धविश्वास तथा लैङ्गिक हिंसा रहित गाउँपालिका बनाउने ।

### यस नीति तथा रणनीतिमा आधारित कार्ययोजना

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| **लैंगिक तथा जातिय बिभेद अन्त्य तथा सामाजिक न्यायको कार्यक्रम ।** | • जातजातिको सांस्कृतिक कार्यक्रमको संरक्षण तथा प्रवद्धन<br>• अन्तरजातिय विवाह सम्मान कार्यक्रम वहू विवाह तथा<br>• युवा तथा किशोर किशोरीसंग छुवाछुत विरुद्धको अभियान कार्यक्रम<br>• जातिय बिभेद अन्त्य गर्ने अभिमुखिकरण तथा दिवसिय कार्यक्रम | जातिय विभेदबाट प्रभावित व्यक्ति तथा समुदाय | गा.पा तथा वडा कार्यालय | सामाजिक विकास तथा म.बा.जे.ना. शाखा, गैसस | निरन्तर | ३ लाख | अभिमुखिकरण, अभियान तथा दिवसिय कार्यक्रम सम्पन्न भएका हुनेछन |
| मानव अधिकारको प्रबर्धन तथा सवै प्रकारका **बिभेद अन्त्य गर्दै लैजाने ।** | महिला अधिकार तथा लैंगिक समानता सम्वन्धि समूदाय स्तरमा तालिम पुर्याउने | ऐ.ऐ. | म.बा.जे.ना शाखा | महिला अधिकार सम्वन्धि काम गर्ने संघसंस्था | ऐ ऐ | १ लाख | महिला अधिकार सम्वन्धि समूदाय स्तरमा तालिम सम्पन्न |
| | जनप्रतिनिधी, कर्मचारी तथा स्थानिय अगुवाहरुलाई मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था बारे प्रशिक्षण सञ्चालन गर्ने जस्तै,<br>महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने सम्बन्धी महासन्धि, आर्थिक समाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धी, बेइजिङ्ग सम्मेलनको १२ वटा सवाल, दिगो विकास लक्ष, कार्यस्थालमा हिंसा तथा दुर्व्यहार सम्बन्धी महासन्धी, २०१९ को नं १९०, यौन दुर्व्यवहार | जनप्रतिनिधी, कर्मचारी तथा स्थानिय अगुवा | गा.पा | उपप्रमुख, प्रशासन म.बा.जे.ना. तथा सामाजिक विकास शाखा | प्रत्येक २ बर्षमा | ४ लाख | मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था बारे जनप्रतिनिधी तथा कर्मचारी प्रशिक्षित भएका हुनेछन |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| | नियन्त्रण बाल सम्बन्धमा संयुक्त राष्टसंघबाट पारित प्रस्ताव (1st UN Resolution on sexual harassment) 2018, तथा बाल अधिकार सम्बन्धी महासन्धी, अपाङ्गता अधिकार महासन्धी आदि । | | | | | | |
| **महिला तथा बालबालिका माथि हुने हिंसाबाट संरक्षण गर्ने** | कार्यस्थल तथा सार्वजनिक स्थलहरुमा महिला, किशोरी, बालिकामाथि हुने भेदभाव एवम् यौनजन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानुनी साक्षरता कार्यक्रम | लक्षित वर्ग | गा.पा तथा वडा कार्यालय | उपाध्यक्ष, कानुन शाखा | निरन्तर | १ लाख | कानुनी साक्षरता कार्यक्रम सम्पन्न तथा भेदभाव एवम् यौनजन्य दुर्व्यवहारमा कमि आएको हुनेछ |
| | हिंसा प्रभावित महिला तथा किशोरीलाई पुनर्स्थापित गर्नका लागी मनोसामाजिक तथा कानूनी सहायता दिदै जाने र सेवा सुविधा अभिवृद्धि गर्ने | हिंसा प्रभावित महिला तथा किशोरी | मनोसामाजिक कर्ता, कानुन शाखा | उपाध्यक्ष | ऐ ऐ | १० लाख | हिंसा प्रभावित महिला तथा किशोरी पुनर्स्थापितमा सहयोग बढेको हुनेछ |
| | यौन दुरव्यवहार, घरेलु हिंसा, मानव वेचविखन, साईवर क्राईम, हनी ट्र्याप सम्वन्धि सचेतीबरणको कार्यक्रम गर्ने | महिला तथा किशोर किशोरी | गा.पा तथा वडा | म.बा.जे.ना.शाखा, गैसस, संचार कर्मि | ऐ ऐ | ३ लाख | सचेतीबरणको कार्यक्रम संपन्न हुनेछन |
| | बालविवाह, बहुविवाह, दाइजो जस्ता वैवाहिक परम्पराहरुलाई अन्त्य गर्न विभिन्न अभियानहरु सञ्चालन गर्ने | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | २ लाख | विभिन्न अभियानहरु सञ्चालित भएका हुनेछन |
| | हिंसा प्रभावितको गुनासो तथा घरदैलो कार्यक्रम गर्ने | हिंसा प्रभावित | ऐ ऐ | म.बा.जे.ना.शाखा | ऐ ऐ | १ लाख | गुनासो तथा घरदैलो कार्यक्रम सम्पन्न |
| | किशोर किशोरीहरुलाई लैङ्गिक हिंसा विरुद्धको अभियानमा सामेल गराई यस्ता अभियानलाई वस्ति तथा वडा स्तरसम्म पुर्‍याउने | किशोर किशोरी | वडा कार्यालय | ऐ ऐ | ऐ ऐ | २ लाख | वस्ति तथा वडा स्तरसम्म अभियान संचालित |
| | बालबिबाह तथा बहू विवाह विरुद्धको पोष्टर पम्प्लेटिङबाट सूचना तथा प्रचार प्रसार कार्यक्रम | बालबालिका | ऐ.ऐ | ऐ.ऐ | ऐ.ऐ | ३ लाख | सूचना प्रचार प्रसार भएको हुनेछ |
| | संचार माध्यमबाट नियमित रुपमा महिला, किशोरी र बालिकाप्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गर्ने | महिला, किशोरी र बालिका | म.बा.जे.ना. शाखा | संचारकर्मि, सम्बन्धित गैसस | ऐ.ऐ | १ लाख | मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम संचातित |
| **यौनिक तथा लैंङ्गिक अल्पसंख्यकको अधिकार सुनिश्चित गर्ने** | यौनिक तथा लैङ्गिक अल्पसंख्यकको जैंविकिय अवस्था र तिनको अधिकारका बारेमा जनप्रतिनिधि, सामाजिक संघसंस्था तथा शिक्षक तथा विद्यार्थीहरुसग सचेतीकरण कार्यक्रम | यौनिक तथा लैङ्गिक अल्पसंख्यक | गा.पा तथा वडा | जनप्रतिनिधि, सामाजिक संघसंस्था तथा विद्यालय | ऐ.ऐ | १ लाख | सचेतीबरण कार्यक्रम सम्पन्न |
| | यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको तथ्यांक संकलन गर्ने र तयांकमा आधारित भई उनीहरुको अधिकारको बारेमा सचेतिकरण कार्यक्रम राख्ने | ऐ.ऐ | वडा कार्यालय | सामाजिक विकास शाखा | पहिलो वर्ष | ५ लाख | तथ्यांक संकलन तथा सचेतिकरण कार्यक्रम सम्पन्न भएको हुनेछ |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| | यौनिक मैत्रि स्वास्थ्य काउन्सिलिङ कक्ष निर्माण गर्ने | ऐ.ऐ | गा.पा | स्वास्थ्य तथा सामाजिक विकास शाखा | पहिलो २ वर्ष भित्र | ५० हजार | यौनिक मैत्रि स्वास्थ्य काउन्सिलिङ कक्ष निर्माण भएको हुनेछ |
| | यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुले ईच्छाईएको यौनिक तथा लैङ्गिक पहिचान तथा विवाह आदिलाई कानूनी मान्यता दिने । | ऐ.ऐ. | प्रशासन शाखा | वडा कार्यालय, सामाजिक विकास शाखा | निरन्तर | बजेट नचाहिने | यौनिक तथा लैङ्गिक अल्पसंख्यकले पहिचान तथा परिवार बनाउने अधिकारको उपभोग गरेका हुनेछ |
| | नवदम्पतीलाई सम्मान गर्ने कार्यक्रममा उनीहरुबाट लैङ्गिक हिंसा नगर्ने प्रतिवद्धता थप गर्ने गरि सम्मान गर्ने | नवदम्पती | गा.पा तथा वडा | म.बा.जे.ना. शाखा सम्बन्धित गैसस | निरन्तर | १ लाख | लैङ्गिक हिंसा नगर्ने प्रतिवद्धता थप गर्ने गरि सम्मान कार्यक्रम संपन्न |
| | लैङ्गिक हिंसाको जोखिम कम गर्न समुदायमा वडा सदस्यहरुको अगुवाईमा महिला, युवा तथा समूहहरू गठनको सुदृढीकरण तथा परिचालन गर्ने । | लक्षित | ऐ ऐ | प्रशासन शाखा | ऐ ऐ | ५ लाख | लैङ्गिक हिंसाको जोखिम कम भएको हुनेछ |
| | सबै प्रकारका हिंसा न्यूनीकरण गर्न युवा, पुरुष एव परिवारका नेतृत्वसँगका साझेदारी र सामुहिक परिचालनमा ध्यान दिनुका साथै किशोर-किशोरी, युवा तथा महिलाहरुको सशक्तिकरणका लागि सहजीकरण गर्ने | लक्षित वर्ग | गा.पा तथा वडा | म.बा.जे.ना. शाखा, गैसस, परिवारका अगुवा | ऐ ऐ | १ लाख | सशक्तिकरणका लागि सहजीकरण भएको हुनेछ |
| | **न्यायिक समितिको सुदृढिकरण** | | | | | | |
| **लैङ्गिक हिंसालाई शुन्य सहनशिल बनाउन सबै प्रकारका हिंसा न्यूनीकरण गर्ने ।** | न्यायिक समितिको नेतृत्वमा जिल्ला तथा स्थानीयतहमा लैङ्गिकतामा आधारित हिंसामा काम गर्ने महिला सेल, OCMC, मेलमिलाप केन्द्र, सेफ हाउस लगायतका सयन्त्र र गैससको सहकार्य समिति बनाई समन्वय बैठक बस्ने र रेफरल (सम्प्रेषण) कार्यलाई प्रभावकारी बनाउने | हिंसा प्रभावित तथा हिंसाको जोखिमका रहेका महिला तथा किशोरी | न्यायिक समिति | UNFPA, UN Women, महिला सेल, मेलमिलाप केन्द, गैसस तथा OCMC | सहकार्य समिति गठनः १ वर्ष भित्र समन्वय बैठकः त्रैमासिक | ३० हजार | सहकार्य समिति गठन भई समन्वय र रेफरलमा सुधार भएको हुनेछ |
| | न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई लैससास सम्वन्धि कानूनको वारेमा अभिमुखीकरण गर्ने | न्यायिक समिति तथा मेलमिलापकता | गा.पा | उपाध्यक्ष | निरन्तर | १ लाख | अभिमुखीकरण सम्पन्न |
| | न्यायिक समितिलाई कानूनी रुपमा नै सशक्त तथा सक्रिय वनाई घरेलु हिंसालाई मेलमिलापको माध्यमवाट निरन्साहित गर्ने | घरेलु हिंसा प्रभावित | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ५० हजार | न्यायिक समिति सशक्त हुनेछ |
| | न्यायीक समिती मार्फत लैङ्गिक हिंसाको केशको सुनुवाईलाई प्राथमिकतामा राखी तत्कालै सुनुवाई गर्ने र पुन त्यस्तो हिंसा दोहोरिएमा सम्वन्धित निकायमा पठाउने पद्धती विकास गर्ने | हिंसा प्रभावित | ऐ ऐ | म.बा.जे.ना. शाखा, महिला सेल, मेलमिलाप केन्द, गैसस तथा OCMC | ऐ ऐ | बजेट नचाहिने | लैङ्गिक हिंसाका उजुरीको तत्काल सुनुवाई भएको हुनेछ |
| | न्यायीक समितीले सुनुवाई गरेका वा गर्न नसकेका केशको समिक्षा बैठक गर्ने | ऐ ऐ | ऐ ऐ | म.बा.जे.ना. शाखा, कानूनी सल्लाहकार | प्रत्येक ३ महिनामा | ३० हजार | समिक्षा वैठक सम्पन्न भएको हुनेछ |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र वाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| | न्यायिक समितिलाई न्याय सम्पादनका सिद्धान्त विधि र प्रकृया तथा कानूनी व्यवस्था सम्वन्धी तालिम | न्यायिक समिति सदस्य | गा.पा | उपाध्यक्ष | प्रत्येक बर्ष | १ लाख | न्यायिक समिति सदस्यको कानूनी ज्ञान बढेको हुनेछ |
| **लैससास सम्वन्धी पालिकाले गर्दै आएका कार्यक्रमलाई मुलप्रवाहीकरण गर्ने ।** | संचार माध्यमबाट नियमित रुपमा लैंगिक समानता तथा महिला, किशोरी र बालिकाप्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गर्ने साथै लैङ्गिक समानता सम्वन्धि श्रव्य.दृश्य सामग्रीको उत्पादन तथा प्रसारण कार्यक्रम | लक्षित वर्ग | म.बा.जे.ना. शाखा | प्रशासन शाखा, संचार माध्यम | निरन्तर | २ लाख | लैङ्गिक समानता सम्वन्धि श्रव्य.दृश्य सामग्रीको उत्पादन तथा प्रसारण भएका हुनेछन । |
| | **लैससास सम्वन्धि दिवसिय कार्यक्रम**<br>महिला हिंसा विरुद्धको १६ दिने अभियान, नारी दिवस, मानव अधिकार दिवस, बालदिवस, युवा दिवस, महिला अधिकार दिवस, वेचविखन विरुद्धको दिवस, श्रम दिवस, तथा आदिबासी जनजाति, सिमान्तकृत, दलित, अपाङ्गता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक, युवा, लगायतका दिवस आदि मनाउने | ऐ.ऐ | म.बा.जे.ना. शाखा तथा वडा कार्यालय | सामाजिक विकास शाखा, गैसस, संचारकर्मि | प्रत्येक बर्ष | ३ लाख | लक्षित वर्गसंग सम्बन्धित दिवस सम्पन्न भएका हुनेछन |
| | पारिवारिक मिलन कार्यक्रम, लैङ्गिक हिंसा निवारणकोष, सुत्केरी भेटघाट, सासु वुहारी कार्यक्रम, मनोसामाजिक परामर्ष सेवा कार्यक्रम, अल्पसंख्यक तथा अपाङ्गता भएका ब्यक्तिहरुको एक्यवद्धता कार्यक्रम, बालविवाह विरुद्धको कार्यक्रम, हिंसा प्रभावितलाई कानूनी सहायता कार्यक्रम, ओसिएमसिको सेवा कार्यक्रमलाई निरन्तरता दिने | ऐ.ऐ | गा.पा तथा वडा | म.बा.जे.ना., कानून, सामाजिक विकास तथा प्रशासन शाखा | निरन्तर | २ लाख | पालिकाले गर्दै आएका लैससासका कार्यक्रमलाई निरन्तरता दिएको भएका हुनेछ |

## नीति ६: लैससास बजेटको अवधारणालाई आन्तरिकीकरण, मुलप्रवाहीकरण र स्थानीयकरण गर्ने ।

### यस नीति तथा रणनीतिमा आधारित कार्ययोजना

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वयरसहकार्य | समय | आन्तरिक र वाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| **लैङ्गिक उत्तरदायी बजेट संस्थागत गर्ने ।** | लैससास नीति तथा कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयनका लागि पर्याप्त रुपमा छुट्टै लैङ्गिक बजेटको तर्जुमा, विनियोजन तथा उपयोग गर्दै गा.पा. को वार्षिक, नीति, कार्यक्रम तथा बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने । | लक्षित वर्ग | गा..पा.आर्थिक विकास शाखा | प्रदेश सामाजिक विकास मन्त्रालय, सघिय महिला बालबालिका तथा | प्रत्येक बर्ष | ५ लाख | नीति, कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायी बनेका हुनेछन |

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वयरसहकार्य | समय | आन्तरिक र वाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| | | | | जेष्ठ नागरिक मन्त्रालय | | | |
| | पालिकाको लगानी, सहयोग, समन्वय र सहजीकरणमा सञ्चालन हुने सामुदायिक विकास कार्यक्रमहरूलाई स्वीकृति गर्दा लक्षित वर्गको सहभागिता भएको सुनिश्चित गरेर मात्र स्वीकृति गर्ने | ऐ ऐ | प्रसासन शाखा | सवै शाखा | ऐ ऐ | बजेट लचाहिने | लक्षित वर्गको सहभागिता सुनिश्चित भएमा मात्र कार्यक्रमले स्वीकृति पाएको हुनेछन |
| | गा.पा ले तयार गरेको लैङ्गिक बजेट तर्जुमा निर्देशिकाको प्रयोगको बारेमा पदाधिकारी, सम्पूर्ण शाखा तथा शाखाका जिम्मेवारी कर्मचारीको क्षमता अभिवृद्धि गर्ने । | पदाधिकारी तथा कर्मचारी | उपमेयर तथा प्रशासन शाखा | वडा कार्यालय | बर्षमा कम्तिमा एक पटक | ५० हजार | लैङ्गिक बजेट तर्जुमा निर्देशिका वारे पदाधिकारी तथा कर्मचारी प्रष्ट हुनेछन |
| **लैङ्गिक बजेट तथा कार्यक्रमको वार्षिक परीक्षण गर्ने ।** | लैससास अन्तरगत पालिकाले लैङ्गिक समानता, समावेशिता, लाभको वितरण, स्रोत तथा बजेटको विनियोजन, कार्यक्रमको प्रभावकारिता, संस्थागत संरचना तथा क्षमता विकास आदिमा हासिल गरेको उपलब्धिलाई अनुगमन मूल्याङ्कन तथा समिक्षा गर्न वार्षिकरुपमा अपाङ्गता सहितको लैससास परीक्षण (GEDSI Audit) गर्ने र सो अनुसार नीति तथा कार्यक्रम निर्माण गर्ने । | लक्षित बर्ग | अनुगमन तथा मूल्याङ्कन र सामाजिक विकास शाखा, लैससास बिज्ञ | म.बा.जे.ना शाखा, वडा कार्यालय, लक्षित समुदायका प्रतिनिधि | वार्षिक | ३ लाख | लैससासका सवाललाई उचित रुपमा सम्बोधन गरि वार्षिक रुपमा लैङ्गिक बजेट तथा कार्यक्रमको परीक्षण भएको र परीक्षणको सुझाव लागु भएको हुनेछ |
| | सम्वन्धित सवै आयोजनाहरु लैससासमुखी भए नभएको वारेमा सुचक सहित सामाजिक परिक्षण (Social Audit) गर्ने | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | २ लाख | सामाजिक परिक्षण भएको हुनेछ |
| **लैङ्गिक खण्डीकृत तथ्याङ्क तथा लैङ्गिक सूचना व्यवस्थापन गर्ने ।** | गा.पा.को लैङ्गिक खण्डिकृत तथ्याङ्क (Disaggregated data) संकलन, व्यवस्थापन तथा सूचनामा सबै लक्षित बर्ग तथा सरोकारवालाहरुको सहज पहुँचको व्यवस्थापन गर्ने र समयानुसार अद्यावधिक गर्ने साथै सो तथ्याङ्क तथा तथ्यको आधारमा पालिकाको योजना तर्जुमा, कार्यान्वयन तथा समीक्षा गर्ने । | लक्षित बर्ग तथा सरोकारवालाहरु | सूचना तथा प्रविधि शाखा | पालिकाको सवै शाखा तथा वडाहरु | प्रत्येक वर्ष | ३ लाख | व्यवस्थित लैङ्गिक खण्डीकृत तथ्याङ्क तथा सूचनामा लक्षित बर्ग तथा सरोकारवालाहरुको सहज पहुँच भएको हुनेछ |
| | गा.पा.को कार्यक्रम मूल्याङ्कन प्रणाली र सूचकलाई परिमार्जित गरी प्रतिवेदनमा खण्डिकृत सूचना समावेश गर्ने व्यवस्था गर्ने । | लक्षित बर्ग | प्रशासन, अनुगमन तथा मूल्याङ्कन शाखा | सवै शाखा प्रमुख | ऐ ऐ | १ लाख | गा.पा.को प्रतिवेदनमा खण्डिकृत सूचना समावेश भएको हुनेछ |

## नीति ७ : समन्वय, सहकार्य, साझेदारी, समिक्षा तथा सम्प्रेषण गर्ने ।

### यस नीतिमा आधारित कार्ययोजना

| रणनीति | कार्यक्रम र क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय/सहकार्य | समय | आन्तरिक र बाह्य बजेट | प्रगतीका सुचक |
|---|---|---|---|---|---|---|---|
| **साझेदारी** | पालिकाको लैससास नीति तथा कार्ययोजना कार्यान्वयन लागि अल्पकालिन तथा दिर्घकालिन विकास साझेदारसंग सहयोग लिन गाँउसभावाटै कार्ययोजना पारित गरि सहयोगका लागि अनुरोध गर्ने । | लक्षित वर्ग | गा.पा | सरकारी तथा निजी क्षेत्र, राष्टसंघिय निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस तथा अन्य सकोकारवालाहरु | प्रत्येक वर्ष | ३० हजार | साझेदारसंग सहयोगको लागि पहल भएको हुनेछ |
| **समन्वय, सहकार्य, समिक्षा तथा सम्प्रेषण** | यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्न आन्तरिक तथा बाहय समन्वय तथा सहकार्यलाई बिस्तार गर्ने साथै OCMC, सेवा गृह, पुनर्स्थापना केन्द्र, प्रहरी तथा जिल्ला सरकारी वकिल कार्यालयका साथै अन्य सरोकारवाला निकायहरु बिच सम्प्रेषण प्रणालीलाई सदृढ गर्ने । | ऐ ऐ | ऐ ऐ | सरकारी तथा निजी क्षेत्र, गैसस, OCMC, सेवा गृह, पुनर्स्थापना केन्द्र, प्रहरी, जिल्ला सरकारी वकिल कार्यालय आदि | ऐ ऐ | ५० हजार | सरोकारवाला निकायहरु बिच समन्वय तथा सहकार्य तथा सम्प्रेषण भएको हुनेछ |
| | पालिकामा विद्यमान लैङ्गिकतामा आधारित महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु माथि हुने हिंसा निषेध, पीडित तथा पीडीत साक्षी संरक्षण गर्ने तथा पीडित पुनर्स्थापनाका लागि सरकारी तथा गैरसरकारी र दातृ संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने । | ऐ ऐ | ऐ ऐ | ऐ ऐ | निरन्तर | ३० हजार | सरोकारवाला निकायहरु बिच समन्वय तथा सहकार्य भएको हुनेछ |
| | पालिकाको वार्षिक, अर्धवाषिक योजनाको समिक्षामा यस कार्ययोजनाबाट लक्षित वर्गमा परेको सकारात्मक प्रभावलाई अभिलेखन तथा विश्लेषण गरि पालिकाको प्रतिवेदन तथा वेवसाईडमा राख्ने । | ऐ ऐ | प्रशासन तथा अनुगमन तथा मूल्याङ्कन शाखा | पालिकाको सवै शाखा तथा वडा कार्यालयहरु | ऐ ऐ | १ लाख | लक्षित वर्गमा परेको सकारात्मक प्रभावको अभिलखित भएको तथा पालिकाको प्रतिवेदन तथा वेवसाईडमा राखिएको हुनेछ |

## ४. कार्ययोजना कार्यान्वयन गर्ने पद्धति

मोलुङ गाउँपालिकाको यस कार्ययोजनालाई मानव अधिकारमा आधारित पद्धति अनुसार लक्षित वर्ग भित्र पनि सवै भन्दा सिमान्तकृतको पहिचान गरि, लक्षित वर्ग र उनिहरुका अन्तर्बिधित सवाललाई केन्द्रमा राखेर, उनिहरुको भाषा, संस्कृति, तथा परम्परागत राम्रा अभ्यासलाई प्रोत्साहन गर्दै कार्यान्वयन गर्ने छ । लक्षित वर्ग तथा सरोकारवालाहरुसंग अर्थपूर्ण परामर्श गरि कानून, नीति तथा निर्देशिका निर्माण तथा संशोधन गर्ने छ । लक्षित वर्ग तथा सरोकारवालाहरुको सकृय सहभागिताको सुनिश्चित गरि योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने छ ।

## ५. अनुगमन तथा मूल्यांकन

यस बिस्तृत कार्ययोजनाको कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्यांकन गर्न पालिकाले महिला, वालवालिका, तथा जेष्ठ नागरिक शाखा, योजना शाखा, सामाजिक विकास शाखा सहितको प्रतिनिधित्व हुने गरि **"बिस्तृत कार्ययोजना कार्यान्वयन, अनुगमन तथा समन्वय समिति"** गठन गरि कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको लागि नेतृत्वदायि भूमिका निर्वाह गर्ने र कार्यान्वयनका उपलब्धिको नियमितरुपमा अनुगमन तथा मूल्यांकन गर्नेछ । समितिमा स्थानीय गैसस मध्येवाट कम्तीमा एक जना महिलासहित दुई सदस्य समावेस गरिने छ ।

### समितिको काम कर्तब्य र अधिकार

यस समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) पालिकाको ऐन, कानुन, नीति, योजना, पार्श्वचित्र लगायत सबै दस्तावेजलाई पुनरावलोकन गरी लैससास अनुरुप बनाउन संशोधन तथा परिमार्जन गर्ने गराउने,

ख) लैससासको पूर्णरुपमा सम्बोधन हुने गरी पालिकाको योजना, वजेट तथा संरचनालाई लैङ्गिक उत्तरदायी बनाउने,

ग) पालिकाको तथ्यांक संकलन, बिश्लेषण, अभिलेखीकरणलाई लैससासको दृष्टिकोणबाट खण्डीकृत गर्ने र समयानुकूल अद्यावधिक गर्ने गराउने,

घ) पालिकाको कार्यक्रम, नीति, योजना तथा वजेटको कार्यान्वयन, बजेट वाँडफाँट, तथा खर्चको लेखाजोखाको लैङ्गिक परिक्षणका साथै अन्य माध्यमबाट लैङ्गिकमैत्री अनुगमन तथा मूल्यांकन गर्ने गराउने,

ङ) पालिकाको नीति, नियम, योजना, कार्यक्रमहरु लैससासअनुरुप बनाउन सम्बन्धित विषयको विज्ञ तथा स्थानीय, प्रदेश तथा संघ स्तरिय संघसंस्थाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

च) पालिकाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने र गराउने,

छ) बिस्तृत कार्ययोजना कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य श्रोतसाधन जुटाउन पहल गर्ने,

ज)	पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा पाँच वर्षे बिस्तृत कार्ययोजना कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित तथा आईपरेका जोखिमहरुको आवश्यक व्यवस्थापन गर्ने,

झ)	बिस्तृत कार्ययोजना कार्यान्वयन तथा उपलब्धिको बार्षिकरुपमा समिक्षा गर्ने ।